annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १०८ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ३२ साउन २०८१ | श्रावण शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४४ | FRIDAY, AUGUST 16, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# भ्रष्टाचार कानुन, ६ वर्षदेखि संसद्मा अल्झेको अल्झ्यै

सरकारी कर्मचारीले अवकाश पाएको ५ वर्षपछि गरकानुनी सम्पत्ति (अकुत) आर्जनमा मुद्दा लाग्ने वा नलाग्ने ? प्रतिनिधिसभाको राज्य व्यवस्था समितिमा यो विषयमा तीव्र मतभेद छ। कोही ५ वर्षे हदम्याद राख्नुपर्ने पक्षमा छन् त, कोही विपक्षमा। ६ वर्षअघि संसद्मा पुगेको भ्रष्टाचार निवारणसम्बन्धी विधेयक यस्त विवादका कारण संसद्मा अल्झेको अल्झ्यै छ। दलीय र सत्ता स्वार्थ जोडिएका कारण विधेयक पारित हुन नसकेको विज्ञहरू बताउँछन्। तर, अब भने यो विधेयकमा सरोकारवालाहरूसँग छलफल गरेर चाँडै पारित गरिने नेताहरूको भनाइ छ।

**सुरेन्द्र काफ्ले/तारा चापागाई** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २




## पर्यटनको अथाह संभावना बोकेको सुदूरपश्चिम



**जगदीशचन्द्र भट्ट**

इजलास

सुदूरपश्चिम प्रदेश पर्यटन व्यवसायका लागि अत्यधिक संभावना भएको प्रदेश हो। यहाँको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, र ऐतिहासिक धरोहरले स्वदेशी र विदेशी पर्यटकहरूलाई अलौकिक आनन्द मिल्छ। बाह्रसिंगेका लागि प्रख्यात शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, धर्तीको स्वर्ग खप्तड र बडिमालिका पर्यापर्यटनको 'भर्जिन ल्यान्ड' हुन्। तर, यी ठाउँको प्रचार-प्रसार एवं पर्यटकका लागि आवश्यक पूर्वाधारको विकास हुन सकेको छैन। प्रदेशका संभावनालाई अवसरमा बदल्ने हो भने पर्यटन व्यवसायबाटै यो क्षेत्रको कायापलट हुनसक्छ।

भारतको राजधानी नयाँदिल्लीबाट ४ सय किलोमिटरको दूरीमा मात्रै रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा एसियाकै ठूलो बाह्रसिंगेको बथान हेर्न पाइन्छ। एसियामा बाह्रसिंगेको ठूलो बथान यहाँ छ भनेर 'ब्रान्डिङ' गर्न सके पर्यटकको ओइरो लाग्नेमा दुईमत छैन। यस क्षेत्रको पर्यटन प्रबर्द्धनमा गड्डाचौकी नाकाले महत्वपूर्ण भूमिका खेल्न सक्छ।

गड्डाचौकी नाकाबाट भारतका ठूला पर्यटकीय स्थलहरूनजिक छन्। भारतमा आउने तेस्रो मुलुकका पर्यटकहरू सजिलै नेपाल प्रवेश गर्न सक्छन्। सुदूरपश्चिममा पर्यटकको सुविधाका लागि गुणस्तरीय होटल एवं रेस्टुराँ प्रशस्त छन्। प्राकृतिक सुन्दरताले भरिपूर्ण र धार्मिक महत्वका दृष्टिकोणले सुदूरपश्चिममा खप्तड, रामारोशन, त्रिपुरासुन्दरी, मालिकार्जुन, उग्रतारा, शैलेश्वरी, वैद्यनाथ, अपी र साइपाल लगायतका क्षेत्र निकै महत्वपूर्ण छन्। धार्मिक र पर्यटकीय दुवै हिसाबले आकर्षक यी स्थल ओझेलमा छन्।

सरकारले सुदूरपश्चिममा पर्यटन विकासका लागि पूर्वाधार विकास, प्रचार-प्रसार, र पर्यटन व्यवसायीहरूलाई सहयोग गर्न आवश्यक छ। सिमानामा सहज आवतजावत, पर्यटकीय जानकारी केन्द्रको स्थापना र सडक तथा यातायात सुधार गर्नुपर्ने आवश्यकता छ।

*(भट्ट होटल व्यवसायी संघ कञ्चनपुरका निवर्तमान अध्यक्ष हुन्।)*

# सत्य निरुपण आयोगको सिफारिस समिति नै अलपत्र

**दिनेश गौतम** | *काठमाडौं*

संक्रमणकालीन न्यायलाई टुंगोमा पुर्‍याउन बनाइएका दुई आयोगमा पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्न पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित समिति अलपत्र परेको छ। सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगका पदाधिकारी सिफारिस गर्न गठित समितिको चार महिना बित्दासमेत बैठक बस्न सकेको छैन। सर्वोच्च अदालतले परमादेश जारी गरेपछि सरकारले गत चैत अन्तिम साता समिति गठन गरेको थियो।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारको पालामा समिति गठन भएको थियो। दुई आयोगमा अध्यक्षसहित ५ जना पदाधिकारी सिफारिस गर्नुपर्ने दायित्व समितिको छ। समितिका संयोजक एवं पूर्वप्रधान न्यायाधीश मिश्रका अनुसार कार्यसमितिले पूर्णता नपाएका कारण बैठक बस्न नसकेको हो। समितिमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश जगदीश शर्मा पौडेल, पूर्वराजदूत डा. अर्जुनकुमार कार्की र स्टेला तामाङ सदस्य छन्। बाँकी एक जना सदस्य राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष वा आयोगले तोकेका व्यक्ति सदस्य रहने भनिएकोमा आयोगबाट सिफारिस गरिएको छैन।

समयमै सदस्य सिफारिस नगर्दा समिति निस्क्रिय भएको सम्बन्धमा आयोगका पदाधिकारी पनि जानकार छन्। तर, कसलाई पठाउने भन्ने सम्बन्धमा छलफलमै रहेको उल्लेख गर्दै सिफारिसमा ढिलाइ गरिरहेका छन्। आयोगका एक सदस्यका अनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधन विधेयक पारित भएपछि सदस्य सिफारिस गर्ने निर्णयबमोजिम ढिलाइ भएको हो। आयोगले विधेयकलाई अन्तर्राष्ट्रिय मञ्चमा नेपालले गरेका प्रतिबद्धता तथा संक्रमणकालीन न्यायका अन्तर्राष्ट्रिय मूल्य तथा मान्यताबमोजिम शीघ्र पारित गर्न र विश्वसनीय तवरले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्‍याउन आग्रह गर्दै आएको छ।

सिफारिस समिति संयोजक एवं पूर्वप्रधान न्यायाधीश मिश्रले आयोगबाट सदस्य सिफारिस नभएका कारण समितिका पदाधिकारीबीच परिचय आदान-प्रदानसमेत हुन नसकेको दुखेसो पोखे। 'राष्ट्रिय मानवअधिकार आयोगबाट सिफारिस भएर सदस्य आएपछि समितिले पूर्णता पाउँछ। र, बैठक बस्छ,' संयोजक मिश्र भन्छन्, 'आयोगको सिफारिस कुरिरहेका छौं।'

न्यायको पर्खाइमा रहेका द्वन्द्वपीडित सिफारिस समिति अलपत्र परेकोमा चिन्तित छन्। राज्यद्वारा बेपत्ता योद्धा समाज नेपालका पूर्वअध्यक्ष एकराज भण्डारी सर्वोच्च अदालतको परमादेश पालना नगर्दा अदालतको अपहेलना हुने भएकाले सरकारले सिफारिस समिति गठन गरेको बताए। भण्डारीले प्रश्न गरे, 'चार महिना बितिसक्दा पनि किन पूर्णता पाएन ? जवाफदेही को हुने ? आयोग की सरकार ? ' आयोगका प्रवक्ता डा. टीकाराम पोखरेल सदस्य पठाउने सम्बन्धमा छलफलमै रहेको बताउँछन्। डा. पोखरेल भन्छन्, 'अहिलेसम्म सदस्य पठाइएको छैन। छलफलमै छौं।'

२०७१ सालमा गठित सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता आयोगका पदाधिकारी सिफारिस गर्न यसअघि पनि पूर्वप्रधानन्यायाधीश मिश्रकै संयोजकत्वमा समिति बनेको थियो। यसअघि बनेका आयोगका कार्यकाल भने सफल हुन सकेका छैनन्।



राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस भएर सदस्य आएपछि समितिले पूर्णता पाउँछ र बैठक बस्छ।

**ओमप्रकाश मिश्र**
संयोजक,
सिफारिस समिति एवं
पूर्वप्रधानन्यायाधीश



अहिलेसम्म सदस्य पठाइएको छैन। छलफलकै चरणमा छ।

**डा. टीकाराम पोखरेल**
प्रवक्ता,
राष्ट्रिय मानवअधिकार आयोग



चार महिना बितिसक्दासम्म पनि किन समितिले पूर्णता पाएन ? जवाफदेही को हुने ?

**एकराज भण्डारी**
द्वन्द्वपीडित

### विधेयकप्रति मौन आयोग

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक बुधबार प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ। केही संघसंस्था र द्वन्द्वपीडितले विधेयकप्रति टिप्पणी गरे पनि राष्ट्रिय मानव अधिकार आयोग मौन देखिएको छ। 'संक्रमणकालीन न्यायलाई टुंगोमा पुर्‍याउन र पीडितलाई न्याय दिन यसअघि धेरैपटक धारणा सार्वजनिक गरेका थियौं। प्रतिनिधिसभाबाट पारित विधेयक बिहीबार राष्ट्रियसभामा टेबल भएको छ। यस सम्बन्धमा आयोगले कुनै स्पष्ट धारणा बनाइसकेको छैन। केही दिनभित्र बाहिर ल्याउने खालको छुट्टै धारणा बनाउँछ होला। छलफल भइरहेको छ,' आयोगका प्रवक्ता डा. पोखरेल भन्छन्, 'छिट्टै नै निर्णय सार्वजनिक हुन्छ।'

विधेयकलाई प्रतिनिधिसभाले पारित गरेर राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेपछि मात्र ऐनका रूप ग्रहण गर्ने छ।

# सुकीको घर बिकेन, फेरि टेन्डर

याङ्गुन (एएफपी) : जेलजीवन बिताइरहेकी म्यान्मारकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलाई वर्षौंसम्म नजरबन्दमा राखेको लेकसाइडस्थित घर बिहीबार दोस्रोपटक लिलामीका लागि राखिएको छ।

सन् २०२१ को सैन्य 'कू' पछि हिरासतमा लिइएका नोबेल पुरस्कार विजेता र उनका भाइबीच दशकौं लामो विवादपछि दुई तले घर र १.९ एकड जमिन बिक्रीका लागि राखिएको थियो। लिलामीका लागि न्यूनतम ३०० अर्ब क्याट (१४ करोड अमेरिकी डलर) तोकिएको थियो।

मिन किनबेचको काम गर्ने एक स्थानीय दलालले मार्चमा एएफपीलाई बताएअनुसार याङ्गुन आसपासका क्षेत्रमा पनि यो जमिन र यस्तै आकारका घरको मूल्य १० देखि २० लाख अमेरिकी डलरभित्र पाइन्छ।

